नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- २०८०/०८१

चलानी नं.: ३९२

मिति: २०८०।१२।१८

विषयः विवरण उपलव्ध गराउने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति (सबै) ।

साबिक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिका/नगरपालिकामा समायोजन भएका कर्मचारीको सेवा निवृत्त सुविधा भुक्तानी गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।०१।५ मा 'प्रत्येक आर्थिक वर्षमा सेवा निवृत्त हुने कर्मचारीको अनुमानित संख्या र बजेट एकिन गरी प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने' निर्णय भएअनुसार आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन माग गर्ने प्रयोजनका लागि साबिक जिल्ला विकास समितिबाट गाउँपालिका/नगरपालिकामा समायोजन भई गएका स्थायी कर्मचारीको विवरण एकिन गरी पछिसम्म फरक नपर्ने गरी पठाउनुहुन निर्णयानुसार अनुरोध छ ।

तपसिलः

| क्र. सं. | कर्मचारीको नाम, थर | अस्थायी नियुक्ति मिति (भएमा उल्लेख गर्ने) | स्थायी नियुक्ति मिति, तह र पद | समायोजन भएको मिति | समायोजन हुँदाको तह र पद | हालको तह र पद | अनुमानित अनिवार्य अवकासको मिति (चालु आ. व. मा सेवा निवृत्त भई सेवा, सुविधा भुक्तानी हुन बाँकि रहेका समेत उल्लेख गर्ने) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

वोधार्थः
श्री सूचना तथा प्रविधि शाखाः वेबसाइटमा अपलोड गर्रिदिनुहुन ।

१२/१८
(दीपेश कट्टेल)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या :- २०८०/०८१

चलानी नं.:

मिति: २०८०।१२।१८

विषय: विवरण उपलव्ध गराउने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति (सबै) ।

साबिक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिका/नगरपालिकामा समायोजन भएका कर्मचारीको सेवा निवृत्त सुविधा भुक्तानी गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७९।०१।५ मा 'प्रत्येक आर्थिक वर्षमा सेवा निवृत्त हुने कर्मचारीको अनुमानित संख्या र बजेट एकिन गरी प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने' निर्णय भएअनुसार आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रममा बजेट विनियोजन माग गर्ने प्रयोजनका लागि साबिक जिल्ला विकास समितिबाट गाउँपालिका/नगरपालिकामा समायोजन भई गएका स्थायी कर्मचारीको विवरण एकिन गरी पछिसम्म फरक नपर्ने गरी पठाउनुहुन निर्णयानुसार अनुरोध छ ।

तपसिल:

| क्र.सं. | कर्मचारीको नाम, थर | अस्थायी नियुक्ति मिति (भएमा उल्लेख गर्ने) | स्थायी नियुक्ति मिति, तह र पद | समायोजन भएको मिति | समायोजन हुँदाको तह र पद | हालको तह र पद | अनुमानित अनिवार्य अवकासको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

श्रीमान्
देहाय बमोजिम विवरण माग गर्ने निर्णयको लागि पेश गरेको छु।
१२।१८

१२।१८

१२।१८

................
(दीपेश कट्टेल)
शाखा अधिकृत

सिंहदरबार, काठमाडौं फोन नं. ०१-४२००५११/०१-४२००३०४
E-mail: cmmofald@gmail.com/local.level.coordination@mofaga.gov.np Website: www.mofaga.gov.np

नेपाल सरकार
# अर्थ मन्त्रालय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ३८५०
दर्ता मितिः- १२/१३

पत्र संख्याः- ३८०-०१-१०
च. नं.:- ११५०

बजेट तथा कार्यक्रम महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८०/१२/०८

विषयः सेवा सुविधा सम्वन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
आर्थिक प्रशासन शाखा
सिंहदरवार काठमाण्डौ ।

तहाँ मन्त्रालयको च.नं.१८४, मिति २०८०/०९/२५ तथा च.नं.२१६ मिति २०८०/१०/२४ को पत्रबाट साविक जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको सेवा निवृत सुविधा वापतको रकम माग भई आएको विषय पेश हुँदा देहायको व्यहोरा लेखि पठाउने मिति २०८०/११/३० को निर्णय अनुसार अनुरोध छ ।

देहायः-

साविकको जिल्ला विकास समितिमा नियुक्त भई कर्मचारी समायोजन ऐन २०७५, बमोजिम स्थानीय तहमा समायोजन भएका र कानून बमोजिम अवकाश भएका कर्मचारीको सेवा निवृत सुविधाको सम्बन्धमा नेपाल सरकार (म.प) को मिति २०७९/०१/१३ को निर्णयको आधार लिई माग भएको देखिएकोमा सो निर्णयको बुँदा नं २ मा नियमानुसार अवकाश भईसकेका त्यस्ता कर्मचारीको हकमा अर्को कानुनी व्यवस्था नभएसम्म नेपाल सरकारले उपलब्ध गराउने भन्ने उल्लेख भई आएकोले हाल प्रस्तावित कर्मचारीहरु उक्त निर्णय मिति २०७९/१/१३ अगावै अवकाश भईसकेको देखिन नआएको हुँदा उक्त नेपाल सरकारको निर्णय आकर्षित/लागू हुने देखिन आएन । कर्मचारी समायोजन ऐन, २०७५ को दफा १६ को उपदफा (३) बमोजिम ***"अन्य सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीले सेवा निवृत हुँदा पाउने सुविधा सम्बन्धी व्यवस्था सम्बन्धित तहको कानून बमोजिम हुने"*** देखिएकोमा तहाँ सम्बन्धित तहबाटै सेवा उपलब्ध गराउन लेखी पठाउने तथा तहाँ सम्बन्धित तहमा हालसम्म कानून नबनेको हकमा मात्र सम्बन्धित मन्त्रालय मार्फत नीतिगत सहजीकरणका लागि नेपाल सरकार (म.प.) समक्ष अनुरोध गर्ने प्रक्रिया बढाउन उपयुक्त हुने ।

२०८०।१२।०८

(भरत आचार्य)
शाखा अधिकृत

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. म.बै./३२१/ ६१८६

मितिः २०७९/१/१३

श्री सचिव,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय।

जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी गर्ने विषय म.प.बै.सं. १/०७९ मिति २०७९/१/१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

**नेपाल सरकारको निर्णय–**

"जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दर्ता नं. १९/५९-०७८/१२/२२ को प्रस्ताव म.प.बै.सं. ७३/०७८ मिति २०७८/१२/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७९/१/५ मा बसेको मन्त्रिपरिषद् प्रशासन समितिबाट परिमार्जन भएबमोजिम प्रत्येक आर्थिक वर्षमा सेवा निवृत्त हुने कर्मचारीको अनुमानित सङ्ख्या र बजेट यकिन गरी प्रत्येक आर्थिक वर्षमा बजेट विनियोजन गर्ने तथा अन्य कुरा प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

(शंकरदास बैरागी)
मुख्यसचिव

**बोधार्थः**
श्री सचिव, मन्त्रिपरिषद् प्रशासन समिति।

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

विषयः साविक जिल्ला विकास समितिको कार्यालयमा स्थायी नियुक्ति भएका कर्मचारीको सेवा निवृ
सुविधाको रकम भुक्तानी गर्ने ।

प्रस्ताव पेश गर्ने विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०७८/१२/१६

१. विषयको संक्षिप्त व्यहोराः

साविकका जिल्ला विकास समितिमा स्थायी नियुक्ति लिई अवकाश भएका कर्मचारीको सेवा निवृ सुबिधाको रकम स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम जिल्ला समन्वय समिति रहेको कर्मचारी कल्याण कोषबाट व्यहोर्ने प्रावधान रहेको छ । विभिन्न समयमा भएको तलब वृि तथा राज्यको पुनर्संरचना पश्चात जिल्ला समन्वय समितिको रुपमा भएको परिवर्तित भूमिकाको कार केही जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषमा पर्याप्त रकम नभई सेवा निवृ भइसकेका कर्मचारीहरु मध्ये २०७७ असार मसान्तभित्र अवकाश भएका कर्मचारीको उपदान, सञ्चि विदा र औषधि उपचारको रकम नेपाल सरकारबाट भुक्तानी गर्ने भनी २०७७।०३।२९ मा निर्ण भई सोही बमोजिम भुक्तानी भइरहेको छ । २०७७ श्रावणपछि अवकाश भएका कर्मचारीको यस्त रकम भुक्तानी हुन सकेको छैन ।

साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५ बमोजिम स्थायी नियुक्ति भएका कर्मचारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जिल्ल भित्रका गाउँपालिका तथा नगरपालिकामा कामकाज गर्न खटाईएका एवम् कर्मचारी समायोजन ऐन २०७५ बमोजिम समायोजन भएका तथा जिल्ला समन्वय समितिमा नै कार्यरत रहेका कर्मचारी नियमानुसार सेवा निवृत्त हुँदा भुक्तानी दिनुपर्ने रकम सरकारको अनिवार्य दायित्वको विषय भएकोले भुक्तानी दिनु नै पर्ने हुन्छ । स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम जिल्ला समन्व समितिको कार्यालयमा रहेको कर्मचारी कल्याण कोषबाट रकम नपुग भएको वा कोषमा रकम मौज्दात नरहेको अवस्थामा नेपाल सरकारबाट भुक्तानीको व्यवस्था गर्ने सम्बन्धमा नीतिगत निर्णय गर्न प्रस्ताव तयार गरिएको छ ।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

साविकमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ अनुसार जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई गाउँपालिका तथा नगरपालिकामा कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका कर्मचारीहरूको सेवा शर्त कानूनी व्यवस्था नभएसम्म साविक बमोजिम नै हुने व्यवस्था कर्मचारी समायोजन ऐन, २०७५ ले गरेको छ । सो व्यवस्था बमोजिम हालसम्म कुनै कानूनी व्यवस्था भएको छैन । यस सन्दर्भमा, यस्ता कर्मचारीको सेवा निवृत्त सुविधा सम्बन्धित जिल्ला समन्वय समितिमा रहेको कर्मचारी कल्याण कोषमा रकम नरहे तथा अभाव भएमा अर्को कानूनी व्यवस्था नभएसम्मको लागि नेपाल सरकारबाट भुक्तानी गर्ने नीतिगत निर्णयको लागि अर्थ मन्त्रालयको मिति २०७८।१२।०९ को पत्रबाट सहमति प्राप्त भएको छ । साथै नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७।०३।२९ मा २०७७ असार मसान्तसम्म अवकाश भएका कर्मचारीहरुको सेवा निवृत्त सुविधाको रकम नेपाल सरकारबाट उपलब्ध गराउने निर्णय भएको ।

सुरेश अधिकारी
सचिव

३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र मन्त्रालयको सिफारिशः
साविकको जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई नियमानुसार सेवा निवृत्त हुने कर्मचारीको सेवा निवृत्त सुविधाको रकम भुक्तानी दिने सम्बन्धमा नीतिगत निर्णयका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाउने गरी माननीय विभागीय मन्त्रीज्यूबाट मिति २०७८/१२/१६ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची-१ विषय संख्या १६ अनुसार यो प्रस्ताव पेश गरिएको छ।

४. निर्णय हुनुपर्ने व्यहोराः
(१) साविकको स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिमको सञ्चित विदा, औषधि उपचार खर्च र उपदानको रकम पाउने गरी साविकका जिल्ला विकास समितिमा स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समायोजन भएका र कानून बमोजिम अवकाश प्राप्त कर्मचारीको सञ्चित विदा, औषधि उपचार र उपदानको रकम जिल्ला समन्वय समितिमा रहेको साविकको कर्मचारी कल्याण कोषबाट भुक्तानी गर्ने।
(२) साविक स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को प्रावधान बमोजिम साविक जिल्ला विकास समितिमा स्थायी नियुक्ती भएका र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिका तथा नगरपालिकामा काम काजको लागि खटिएका नियमानुसार अवकाश भइसकेका त्यस्ता कर्मचारीको हकमा सम्बन्धित जिल्ला समन्वय समितिको कार्यालयमा रहेको कर्मचारी कल्याण कोषमा रकम नभएमा वा नपुग भएमा नपुग हुने रकम अर्को कानूनी व्यवस्था नभएसम्म नेपाल सरकारले उपलब्ध गराउने।
(३) क्रमसङ्ख्या २ बमोजिम भुक्तानीका लागि आवश्यक पर्ने रकम यकीन गरी सम्बन्धित जिल्ला समन्वय समितिले संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने। यसरी प्राप्त विवरण बमोजिम एकमुष्ट रकम यकीन गरी संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अर्थ मन्त्रालयसँग निकासा माग गर्ने। सो बमोजिमको रकम अर्थ मन्त्रालयले प्रयोजन खुलाई सम्बन्धित जिल्ला समन्वय समितिलाई निकासा पठाउने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले नियमानुसार भुक्तानी गर्ने।

मितिः २०७८/१२/१६

..........................
(सुरेश अधिकारी)
सचिब

श्री ५ को सरकार

# स्थानीय विकास मन्त्रालय

(कर्मचारी प्रशासन शाखा)

☎ ५५२१७२७, ५५२१७२८, ५५२१७३१, ५५२६०७९

श्रीमहल, पुल्चोक
ललितपुर ।

पत्र संख्या : क.प्र.२०६१/०६१
चलानी नं. :

मिति २०६१/०४/१

विषय:-अस्थायी कर्मचारीको सुविधा बारे ।

श्री स्थानीय विकास मन्त्रालय
महाशाखाहरु सबै ।
श्री स्थानीय पूर्वाधार बिकास तथा कृषि सडक विभाग, जावलाखेल ।
श्री स्थानीय विकास निर्माण एवं कृषि सडक आयोजना, श्रीमहल ।
श्री सस्पेन्सन बृज डिभिजन, श्रीमहल ।

२०६० असोज ८ गते अघि श्री ५ को सरकार का कार्यालय वा आयोजनामा लगातार वा पटक पटक नियुक्ति पाई अविच्छिन्न रुपमा कार्यरत अस्थायी कर्मचारीलाई अवकास हुदा का अवस्थामा देहाय को आधारमा देहाय अनुसारको सुविधा दिन मन्त्रिपरिषदको मिति २०६१।३।१० को निर्णयानुसार अनुरोध गर्दछु भनि अर्थ मन्त्रालय ( बजेट तथा कार्यक्रम महाशाखा) को प.सं. तलव भत्ता च.नं. ३१४८ मिति २०६१।३।११ को पत्रबाट लेखिआएकोले सो अनुसार गर्न गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

(क) सुविधा उपलब्ध गराउने आधारहरु :-

१ अविछिन्न रुपमा अस्थायी कार्यरत रहेकालाई मात्र यस प्रयोजनको लागि सुविधा दिने ।बीचमा नोकरी टुटेको भएमा सुविधा दिने प्रयोजनार्थ त्यस्तो नोकरी जोडन नपाइने ।

२. २०६० असोज ८ गते पछि आयोजना अवधिभर वा अन्य कुनै प्रयोजनका लागि अस्थायी कर्मचारी नियुक्ति गर्दा यस निर्णयमा उल्लिखित सुविधा भन्दा बढी नपाउने गरी नियुक्ति पत्र वा करार पत्रमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ। नियुक्ति पत्र वा करार पत्रमा कुनै सुविधा उल्लेख नगरेकोमा यस्तो सुविधा दिइने छैन ।

(ख) उपलब्ध गराउने सुविधा :-

१. उपदान तर्फ :-

(क) ५ वर्ष भन्दा कम अवधि काम गरेकोलाई नदिने ।

(ख) ५ वर्ष देखि १० वर्ष सम्म काम गरेकोलाई प्रत्येक वर्षका निमित्त आखिरी आधा महिनाको तलब बराबरको रकम दिने ।

(ग) १० वर्ष भन्दा बढी १५ वर्ष सम्म काम गरेकोलाई प्रति वर्षका निमित्त आखिरी १ महिनाको तलब बराबरको रकम दिने ।

(घ) १५ वर्ष भन्दा बढी जतिसुकै अवधि भए पनि प्रत्येक वर्षका लागि आखिरी डेढ महिनाको तलब बराबरको रकम दिने ।

२. औषधी उपचार तर्फ :-

निजामती सेवा ऐन र नियमावलीमा व्यवस्था भए जस्तै २० वर्ष नोकरी अवधीलाई पुरा अवधी मानी जे जति अवधी काम गरेका हुन सो लाई दामासाहीको दरले हुन आउने औषधी उपचार लिन बाँकी रकम भुक्तानी गर्ने ।

२०६१/४/१

नियम मुकाबिल मुकरर भएको तहको पदको तलब भत्ता खुवाउने ।

(श्री ५ को सरकारको मिति २०४५।३।१७ को निर्णय)

## अस्थायी अवधिको ग्रेड बृद्धि

स्वीकृत दरवन्दीमा ३ महीना वा ६ महीनाको लागि अस्थायी नियुक्ति भै अविच्छिन्न एक आर्थिक वर्ष सेवा अवधि पुगे पछि स्केल बृद्धि पाउने व्यवस्था अन्तर्गत स्केल बृद्धि पाएका कर्मचारी विकास तर्फको स्वीकृत दरवन्दीमा दरवन्दी अवधिभरको लागि विकास तर्फ स्थायी नियुक्ति हुँदा निजले साविकमा अस्थायी छँदा खाईपाई आएको सो ग्रेड बृद्धि जोडी खान पाउने नपाउने सम्बन्धमा कारवाही हुँदा एक पटक अस्थायी नियुक्तिको म्याद थप भै खाईपाई आएको तलब बृद्धि योजना अवधिभर वा अनिश्चित कालको लागि विकास तर्फ स्थायी नियुक्ति भए पछि दिन मिल्ने शुरु स्केल दिन पर्ने

(म. ले. नि. का. को २०४५।४।९ को परिपत्र)

## अध्ययन बिदामा रहँदाको अन्य बिदा सुविधा

अध्ययन बिदामा रहँदाको अवस्थामा घर बिदा, बिरामी बिदा र यस बापत पाउने सुविधाहरू पाउने वा नपाउने भन्ने सम्बन्धमा कारवाही हुँदा नि. से. नि. मा बिदाको व्यवस्था गरिएको मुख्य उद्देश्य बिदाको तलब दिने प्रयोजनको लागि नभई निजामती कर्मचारीलाई कुनै कारण परी खास समयसम्म आफ्नो कार्यालयमा उपस्थित हुन नसक्ने अवस्थामा बिदा बस्न सक्ने सहुलियत प्रदान गर्ने दृष्टिले बिदाको व्यवस्था गरिएको हो । बिदामा बस्नु नपरेको अवस्थामा निजामती कर्मचारीलाई त्यस्तो बिदा बापतको तलब दिने गरी विशेष सहुलियतसम्म प्रदान गर्न खोजिएको देखिन्छ । त्यसैले